### उद्योगीहरूद्वारा अन्तर्राष्ट्रिय प्रदर्शनी केन्द्रको स्थलगत अनुगमन

# निर्माणको काम ३६ प्रतिशत मात्र



बुटवल, १५ माघ (दैपस)- सम्झौताअनुसार बुटवलमा निर्माणाधीन अन्तर्राष्ट्रिय प्रदर्शनीस्थल आगामी २ महिनापछि अर्थात यही चैतमा निर्माण सकिएर उद्घाटन हुनुपर्ने थियो तर, निर्माण काम कछुवा गतिमा भएका कारण निर्धारित समयमा सो प्रदर्शनीस्थल नबन्ने निश्चित भएको छ। निर्माण सम्पन्न हुने बेलासम्म मुस्किलले ३६ प्रतिशत मात्र काम सम्पन्न भएको प्राविधिकहरू नै बताउँछन्।

ठेक्का सम्झौतामा २७ महिनामा पूरा गर्ने भनिएको आयोजना भए पनि विभिन्न कारणले समयमा पूरा नहुने भएपछि गत साउन ४ मा आउँदो चैत महिनाको मसान्तसम्म म्याद थपिएको थियो। यो थपिएको समयमा पनि काम नसकिने भएका हुँदा आयोजनाकै अधिकारीहरू कम्तीमा एक-डेढ वर्ष म्याद थप्नु पर्ने बताउन थालेका छन्।

आयोजनाका प्रमुख धर्मेन्द्र पन्थले रुख कटान प्रक्रिया र कोरोना महामारीका कारण थपिएको म्याद सकिन २ महिना मात्र रहँदा ३६ प्रतिशत मात्र पूरा भएको बताउँछन्। पन्थले काम जतिसक्दो चाँडो सकाउने प्रयासमा छौं नसकिएमा केही समय थप्नु नै पर्ने बताउँछन्।

यसैबीच बुटवलमा निर्माण भैरहेको अन्तर्राष्ट्रिय प्रदर्शनी केन्द्रको निर्माणको काम सुस्त भएकोमा चिन्ता व्यक्त गरिएको छ। स्थलको अनुगमनका क्रममा उद्योगीहरूले त्यहाँ भैरहेको काममा देखिएको सुस्तताप्रति चासो व्यक्त गर्दै चाँडोभन्दा चाँडो काम सम्पन्न गर्न अनुरोध गरेका छन्।

रूपन्देही उद्योग संघको पहल तथा नेतृत्वमा स्थलगत अनुगमन तथा कामको बारेमा जानकारी लिएको संघले जनाएको छ। बुटवल उपमहानगरपालिका-१०, रामनगरस्थित बुटवल मण्डपमा बन्दै गरेको अन्तर्राष्ट्रिय स्तरको उच्च प्रविधियुक्त 'अन्तर्राष्ट्रिय प्रदर्शनी केन्द्र' को संघका अध्यक्ष माधव प्रसाद पौडेलको नेतृत्वमा रहेको टोलीले निर्माण स्थल बुटवल मण्डपमा पुगेर कामको अवस्था र गतिविधिका बारेमा जानकारी लिनुका साथै निर्माणको कामलाई तीव्र रूपमा बढाउन आग्रह गरेको थियो।

स्थलगत निरीक्षणपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै अध्यक्ष पौडेलले प्रदर्शनी केन्द्रमा उद्योगीहरूले आशा गरे जस्तो गरी काम नभएको र यो गतिमा काम भएमा समयमा नसकिने हो कि भन्ने चिन्ता लागेको बताए। अध्यक्ष पौडेलले संघले आउँदो २०७९ सालको पुसमा राष्ट्रिय औद्योगिक प्रदर्शनी आयोजना गर्ने भएकाले सो अगावै निर्माण सम्पन्न गर्न आग्रह गरे।

अध्यक्ष पौडेलले यस क्षेत्रका उद्योगीहरूको पहल र सक्रियतामा बन्दै गरेको प्रदर्शनी स्थलको निर्माण कार्य द्रूतगतिमा गर्न आग्रह गर्दै निर्माण सम्पन्न भएमा यस क्षेत्रको आर्थिक तथा औद्योगिक विकासमा निकै ठूलो परिर्वतन आउने आशा व्यक्त गरे।

संघका पूर्व अध्यक्ष तथा सल्लाहकार समितिका संयोजक दिनेशराज रेग्मीले प्रदर्शनीस्थलको अवलोकन गर्दा निराश बनाएको उल्लेख गर्दै तोकिएको समयमा काम सक्ने गरी सम्बन्धित निकायले ध्यान दिनुपर्ने सुझाव दिए।

संघका निर्वतमान अध्यक्ष बाबुराम बोहोराले प्रदर्शनी केन्द्र यस क्षेत्रकै गहना भएको हुँदा त्यसको रेखदेख र खबरदारी गर्ने जिम्मेवारी सबैको भएको हुनाले कामको गति बढाउने गरी दवाव सिर्जना गर्न अनुरोध गरे।

स्थलगत टोलीमा संघका वरिष्ठ उपाध्यक्ष दिलिप सापकोटा, प्रथम उपाध्यक्ष कृष्ण प्रसाद पराजुली, द्वितीय उपाध्यक्ष जीवकान्त काफ्ले, महासचिव हरि बहादुर खत्री, सचिव बसन्त ढकाल, सहकोषाध्यक्ष सुरेन्द्र ज्ञवाली, संघका प्रमुख कार्यकारी प्रमुख यादव प्रसाद भण्डारी, प्राविधिक सल्लाहकार ई. सुमन श्रेष्ठ, कार्यसमिति सदस्यहरू एवं सञ्चारकर्मीहरूको सहभागिता रहेको थियो। एक अर्ब दुई करोडको लागतमा निर्माण हुने बुटवल प्रदर्शनी केन्द्रको पूर्व अर्थमन्त्री तथा रूपन्देहीका सांसद विष्णु पौडेलले २०७६ जेठ २३ गते सोमबार शिलान्यास गरेका थिए। २७ महिनामा निर्माण सम्पन्न गर्ने गरी थालिएको केन्द्रको काम हाल ३६ प्रतिशत मात्र भएको जनाइएको छ। नेपाल सरकारको सहरी विकास मन्त्रालय, सहरी विकास र भवन निर्माण विभागअन्तर्गत प्रदर्शनी केन्द्र निर्माण कार्यान्वयन इकाइले ग्लोबल टेन्डर आह्वान गरेर क्यापासिट इन्फ्रा प्रोजेक्ट्स-गौरी पार्वती जेभी कम्पनीले ठेक्का लिएको थियो। बुटवल मण्डपमा १० विघामा अन्तराष्ट्रिय सम्मेलन केन्द्र र ६ बिघा क्षेत्रमा व्यवस्थित प्रदर्शनी केन्द्र बनाउने योजना अनुसार काम भइरहेको छ।

प्रदर्शनी केन्द्र मुलुककै ठूलो र आकर्षक हुने दाबी गरिएको छ। प्रदर्शनी केन्द्रमै हरियालीसहितका चिल्ड्रेन पार्क, आधुनिक बैठक कक्ष, व्यवस्थित पार्किङ क्षेत्रसहित हरियालीयुक्त वातावरणका पभेलियनहरू तयार पारिने बताइएको छ। प्रदर्शनीका लागि ट्रस्ट सिस्टमको ठूलो हलमा १२ हजार स्क्वायर मिटरमा प्रदर्शनी गर्न मिल्ने गरी मूल स्थलको डिजाइन गरिएको छ। जसमा ८ सय वटासम्म स्टलहरू राख्न मिल्ने गरी ३ वटा ब्लकको काम भएको छ।

# रकम अभावमा प्रयोगशाला बन्द

गुल्मी, १५ माघ (दैपस)- गुल्मीको सदरमुकाम तम्घासमा रहेको कोरोना परीक्षण प्रयोगशाला बन्द भएको छ। प्रयोगशाला संचालनका लागि रकम अभाव भएपछि विगत चार महिनादेखि प्रयोगशाला बन्द भएको हो। कोरोना महामारीको सुरुको चरणमा नै भैरहवासम्म स्वाब पठाउनुपर्ने हैरानीले जिल्लाका स्थानीय तहले प्रयोगशाला संचालन गरेका थिए। तर खर्च थेग्न नसकेपछि प्रयोगशाला बन्द गर्नुपरेको गुल्मी अस्पतालका प्रमुख डाक्टर उत्तम पच्याले जानकारी दिए।

०७७ असोज ७ गतेदेखि सुरु गरिएको प्रयोगशाला एक वर्ष मात्रै चल्न सक्यो। उक्त अवधिमा ७१ लाख खर्च भएको छ। जसमा संघीय सरकारले १५ तथा जिल्लाका स्थानीय तहले ५६ लाख प्रदान गरेका थिए। प्रयोगशालाको भौतिक र प्राविधिक व्यवस्थापनमा एक करोड ९७ हजार २५४ खर्च भएको छ। प्रयोगशाला बन्द भएसँगै स्वाब भैरहवा पठाउनुपर्ने र रिपोर्ट ढिला आउने हुँदा जिल्लामा पिसिआर गरिएको छैन। अहिले कोभिडका सम्भावित बिरामीहरूलाई जिल्ला अस्पतालमै एन्टिजेन्ट परीक्षण गरिएको छ। डाक्टर पच्याका अनुसार मासिक ४० लाख जुटाउन सके प्रयोगशाला नियमित प्रयोगमा ल्याउन सकिन्छ। प्रयोगशालाबाट दैनिक एक सय जनासम्मको स्वाब परीक्षण गर्न सकिन्छ।

**Bhumikasthan Municipality**
**Office of Municipal Executive**
**Nuwakot, Arghakhanchi**

**Invitation for Bids**

**First Date of publication: 30-01-2022 (2078-10-16)**

1. Bhumikasthan Municipality, office of the Municipal Executive, Nuwakot, Arghakhanchi invites electronic Bids from eligible bidders under PPMO,s e-GP system www.bolpatra.gov.np./egp,. for following works under National Competitive Bidding . All other information and Bid Document can be downloaded from PPMO,s e-GP System www.bolpatra.gov.np./egp . Bidders should deposit the cost of bidding document as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher should be uploaded by the bidder at the time of electronic submission of the bids.

**Information to deposit the cost in the Bank:,**
**Name of the Bank:** Century Bank, Nuwakot, Arghakhanchi
**Name of Office**: Bhumikasthan Municipality, Arghakhanchi
**Aantarik Rajaswa (Internal revenue) Account no. : 0900000013GE,**
**Dharauti Account no. 0900000004GE (Dharauti)**

2. Pre-bid meeting shall be held at **Bhumikasthan Municipality, office of the Municipal Executive, Nuwakot, Arghakhanchi** at **1:00 pm** on **18-02-2022 (2078-11-06)**
3. Electronic bids must be submitted to the office of **Bhumikasthan Municipality, Nuwakot, Arghakhanchi** through PPMO website www.bolpatra.gov.np/egp... Bid Purchasing, submission and other bidding process option should be done according to Bid Document and Bidders others details are as given below

*Bank details for Bid security ( If Cash deposit) : RanstriyaBanijya Bank, Palpa, A/C no. 3030100303000004.*

| Tender No. | Name of Project | Bid Price | Estimate cost (with Vat) | Bid Security Amount In NRs | Bid security valid period | last date of Bid purchase | last date of Bid submition | Bid Open |
|---|---|---|---|---|---|---|---|---|
| **36/BMA/W/ UPG/2078/079** | Dharapani Kalleri Phalamkhilli Asurkot Pyuthan Road Upgrading | NRs. 3000.00 (Not Refundable) | 2177260.26 | NRs. 55000 | **120 days** | **28-02-2022 (2078 -11-16)** 12:00 noon | **01-03-2022 (2078 -11-17)** 12:00 noon | **01-03-2022 (2078 -11-17)** 1:00 PM |
| **37/BMA/W/ UPG/2078/079** | Gurdum Pauwa Sajhi Aanpakarukh Road Upgrading | NRs. 3000.00 (Not Refundable) | 2047493.70 | NRs. 53000 | | | | |
| **38/BMA/W/B/ 2078/079** | Ward Office Bulding construction Works, Ward no. 6 | NRs. 3000.00 (Not Refundable) | 4899965.10 | NRs. 125000 | | | | |
| **39/BMA/W/ UPG/2078/079** | Narpani Nuwakot Road Upgrading | NRs. 3000.00 (Not Refundable) | 3412494.54 | NRs. 88000 | | | | |

5. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
6. Other details are available on the **E-Procurement Section** of PPMO Web Site www.bolpatra.gov.np /egp and Bhumikasthan municipality Office web site: www.bhumikasthanmun.gov.np.

# अवैध ढंगले ल्याइएका कपडा बरामद

परासी, १५ माघ (दैपस)- कागज बोकेको ट्रकमा लुकाएर लैजाँदै गरेको साढे ५ लाख बराबरको कपडालाई सशस्त्र प्रहरीको टोलीले बरामद गरेको छ। पश्चिम नवलपरासीको रामग्राम नगरपालिकास्थित लुम्बिनी पेपर बोर्ड मिल नदवाबाट वीरगञ्जको पाना पेपर वर्कसमा लु १ ख ९४१३ नम्बरको ट्रकमा कागज लोड गरी पठाइएको थियो। सोही ट्रकमा बर्दघाट नगरपालिकाको भूताहा बजार नजिकबाट भन्सार छलेर ल्याएका ६ सय ७५ पिस साडी लोड गरेको जानकारी पाएपछि सशस्त्र प्रहरीको टोलीले बरामद गरेको सशस्त्र प्रहरी बल नेपाल नं. २६ गण हेडक्वाटर नवलपरासीका सूचना अधिकारी नायब उपरीक्षक माधव रेग्मीले जानकारी दिए।

बरामद भएको कपडासहित कागज बोकेको ट्रक र चालकलाई आवश्यक कारबाहीका लागि राजश्व अनुसन्धान कार्यालय बुटवल पठाइएको रेग्मीले जानकारी दिए। बिल बिजकसहित रहेको कागजलाई सोही दिन छाडिएको र ट्रकसहित चालकलाई कार्यालयमा राखी आवश्यक अनुसन्धान भइरहेको राजश्व अनुसन्धान कार्यालयका प्रमुख अनुसन्धान अधिकृत राजेश पन्थीले बताए।

**परमात्मामा बदलिने उपायहरू**

१) राम्रो कर्म गरिरहन सकिरहनु। २) परमात्मामा बदलिने इच्छा भइरहनु। ३) तत्वज्ञानीलाई गुरु स्थापना गर्न सकिरहनु। ४) साकाहारी बनिरहन सक्नु। ५) स्वावलम्वन बनिरहन सक्नु। ६) गीतालाई मानिरहन सक्नु। ७) ईश्वरलाई मानिरहन सक्नु। ८) परलोकलाई मान्न सकिरहनु। ९)जाग्रत्‌लाई लामो सपना जान्न सकिरहनु। १०) संसारलाई मनको रूप जान्न सकिरहनु। ११) संसारलाई वास्तवमा रित्तो जान्न सकिरहनु। १२) गाढा निद्राको आनन्द अनुभवलाई जाग्रत्‌मा परमात्मा जान्न सकिरहनु। १३) परमात्माको याद गरिरहन सकिरहनु। १४)परमात्मालाई सबैतिर अनुभव गर्न सकिरहनु। यी १४ उपायहरूले परमात्मामा छिटो बदलिरहन सकिरहने भइन्छ-भइन्छ।

अद्वैत प्रदीप बलराम जी.सी. 'सरस्वती' अध्यक्ष,
अखण्ड सुख केन्द्र नेपाल, मो. ९८४७०२०७१८

**ट्वाइलेट सफा गराउनुहोस**

हाम्रा सेवाहरू: तपाईंको घरको सिट, नाली जाम भएमा चिन्ता लिनु पर्दैन। सेनेटरी जगतमा बढी क्षमता, अत्याधुनिक प्रविधि, पावरफुल रोटर भ्याकुम पम्पद्वारा बिना बिजुली ट्वाइलेटको सेफ्टी वा रिङ्ग सफा गरिन्छ।

प्रो. राजेश प्रसाद
**राजेश सेनेटरी सेवा, भैरहवा**
मो.: ९८०५४७८७५९, ९८०७५९२८८३

**खुसीको खबर !**

तपाईंको शहर बुटवलमा, बलियो, टिकाउपन र भर पर्दो L.B.B. इट्टा चाहिएमा तु–सम्पर्क गर्नुहोला।

L.B.B. L.B.B.

सम्पर्क : ९८५७०२६७२०,उद्योग–९८४७२४४७१३, देवदह खैरेनी, रुपन्देही,

**ट्वाईलेट सफा गराउनुहोस्**

सुपथ मुल्यमा नगरपालिका भित्र वा बाहिर काम गर्ने र गराउन हामीलाई एकपटक सेवा गर्ने मौका दिनुहोस्।

**पाल्पाली मगर सेनेटरी**
बुटवल-१७, मोतिपुर
मो.: ९८६७१२२३५५, ९८१२९६३२२५, ९८२४४७७७७०

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईंको सहर बुटवल तथा लुम्बिनी अञ्चलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोला।
-लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सेफ्टी टंकीको रिङ्ग खाली गरिनेछ।

सुपथ मूल्यमा काम गर्न र गराउने हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस्।

**सिताराम सफा सेनेटरी**
**भैरहवा**
मो.: ९८६९७८९२७५, ९८००७६०६२२

**ट्वाईलेट सफा गराउनुहोस्**

सबैभन्दा बढी क्षमता भएको
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा ५ मिनटमै सेफ्टी टंकी, रिङ्ग खाली गरिनेछ।
- ट्वाईलेट सिट, नाली जाम भएमा तुरुन्त खोलिने छ।
- यो सुविधा बुटवल, भैरहवा साथै लुम्बिनी अञ्चल भरी दिइनेछ।

क्षेत्र : लुम्बिनी, भैरहवा, परासी, बुटवल, मर्चवार

प्रो. रामशाह साहनी
**बिशाल सेनेटरी**
बर्मेली टोल-८, भैरहवा, मो.: 9847324755, 9804406297

L.B.F **ईट्टा चाहिएमा**

तपाईंको शहर भैरहवा, बुटवलमा बलियो, टिकाउ र भरपदौ L.B.F. मार्का ईट्टा चाहिएमा तु-सम्पर्क गर्नुहोला।

सम्पर्क:
पडसरी-५, ढुटिपिपल, रूपन्देही
फोन : ९८५७०२३३२०, ९८५७०२३९१४, ९८५७०२३८१३

नोट : पाल्पा, स्याङ्जा, गुल्मी, अर्घाखाँचीका लागी ट्रकमा पठाउने व्यवस्था छ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा त्यो विन्ति मान्दैन त्यो।

# हार्दिक समवेदना



**जन्मः** २०२६/०४/२७

**स्वर्गारोहणः** २०७८/१०/०६

**स्व. रामचन्द्र उपाध्याय**

श्री सिद्धार्थ मेमोरियल एकेडेमी, सैनामैना-८, रामापुर, कोलोनीका शेयर सदस्य, पूर्व शिक्षक एवं शैक्षिक व्यक्तित्व हाम्रा आत्मिय मित्र **रामचन्द्र उपाध्याय** को ५३ वर्षको उमेरमा भएको असामयिक तथा अकल्पनिय दुःखद् निधनको खबरले हामी र हाम्रो संस्था श्री सिद्धार्थ मेमोरियल एकेडेमी परिवार, शिक्षक-कर्मचारी, शेयर सदस्य, विद्यार्थी, सम्पूर्ण सरोकार पक्षलगायत सिङ्गो विद्यालय व्यवस्थापन समिति मर्माहत भएका छौं। शोकको यस घडीमा शोकाकूल परिवारजनमा धैर्यधारण गर्न सक्ने क्षमता प्राप्त होस् भनी ईश्वरसँग प्रार्थना गर्दै दिवंगत आत्माको स्वर्गलोकमा चिरशान्तिको कामनाका साथै हार्दिक समवेदना प्रकट गर्दछौं।

**भोजराज पौड्याल**
प्राचार्य

**राजेन्द्र प्रसाद ध्वजू**
अध्यक्ष

एवं
**विद्यालय व्यवस्थापन समिति**
**श्री सिद्धार्थ मेमोरियल एकेडेमी परिवार**
सैनामैना-८, रामापुर, रुपन्देही